# धनगढीमाई नगरपालिका

# प्रथम नगरसभाबाट पारित आर्थिक वर्ष २०७४/७५ को

# नीति तथा कार्यक्रम

## धनगढीमाई नगरपालिका

धनगढी, सिरहा

२ नं· प्रदेश, नेपाल

१९ पुष, २०७४

# धनगढीमाई नगरपालिकाको नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को
# नीति तथा कार्यक्रम

**उप-प्रमुख श्री फुलकुमारी श्रेष्ठबाट धनगढीमाई नगरपालिकाको प्रथम नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ का लागि वार्षिक नीति तथा कार्यक्रम**

प्रथम नगर सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,
नगर कार्यपालिकाका सदस्यज्यूहरु,
नगर सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारी मित्रहरु

**अध्यक्ष महोदय,**

नेपाल एक स्वाधीन र सार्वभौम सत्ता सम्पन्न मुलुक हो । ईतिहासको विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका सबै किसिमका राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संबिधान घोषणा भै हामी यसको कार्यान्वयनको चरणमा छौ । नेपालको संविधानको घोषणा पश्चात् मुलुकमा स्थानीय तहको निर्वाचन सम्पन्न भई प्रदेश तथा संघीय निर्वाचन समेत सम्पन्न भइसकेको अवस्था छ। अब देशमा संक्रमणकालको सकारात्मक अन्त्य एवं व्यवस्थापन भई आर्थिक समृद्धीको दिशामा अग्रसर रहेको कुरामा सम्पूर्ण नेपाली विश्वस्त रहेका छन्। २ नं. प्रदेशको सिरहा जिल्लामा अवस्थित यस धनगढीमाई नगरपालिकालाई समृद्धिको शिखरमा पुर्‍याउने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा यसलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडी बढ्नु हाम्रो पहिलो कदम हुने कुरामा हामी विश्वस्त पार्न चाहन्छौं । नेपालको इतिहासमा संविधान प्रदत्त अधिाकारको प्रयोगको सिलसिलामा पर्याप्त अधिकारको विन्यास सहितको संघियताको कार्यान्वयनको क्रममा यो नौलो प्रयोगको थालनी हामीले गरेका छौं । संविधानले स्थानीय तहलाई दिएको कार्यपालीकीय, व्यवस्थापकीय र न्यायीक अधिकार मध्य आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा धनगढीमाई नगरपालिकाको प्रथम नगरसभामा उपस्थित हुनु हुने सबै नगर सभाका सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा स्वागत गर्दै अन्तर हृदय देखि नै नमस्कार टक्याउन चाहन्छु।

**सभा अध्यक्ष महोदय,**
**प्रथम नगर सभाका सदस्यज्यूहरु,**

आजको यस गौरवपूर्ण घडीमा नेपालको सबै राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रन्दाञ्जली अर्पण गर्दछु ।  घाइते र बेपत्ता नागरिकहरु तथा उनका परिवार प्रति सम्मान प्रकट गर्दछु।

हाम्रा अग्रज तथा पूर्वजले देखाएको पथ, देखेका सपना, नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको आधारशीलाको रुपमा रहेको स्थानीय तहको ऐतिहासिक निर्वाचन सम्पन्न भईसकेको छ । नेपालको २ नं. प्रदेशमा २०७४ असोज २ गते स्थानीय तहको निर्वाचन सम्पन्न भई धनगढीमाई नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले सपथ ग्रहण एवं पदवहाली गरेको आज १०२ दिन पुगिसकेको छ । धनगढीमाई नगरपालिकाको तिब्र आर्थिक बिकास गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधिन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने हाम्रो प्रस्थान बिन्दु हो भने धनगढीमाई नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुर्‍याई समाजबाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्‍याउनु हाम्रो लक्ष्य हो ।
स्थानीय तहले कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई जनताकै ईच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै ***" कृषि, शिक्षा, पर्यटन,स्वस्थ्य, सञ्चार र पूर्वाधार, धनगढीमाई नगरपालिकाको समृद्धिको मूल आधार"*** भन्ने मूल उद्देश्यका साथ सभ्य, सुन्दर र समृद्ध धनगढीमाई नगर निर्माण गर्नको लागि यो ऐतिहासिक पहिलो नगरसभामा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

सभा अध्यक्ष महोदय,
सबै नगर सभा सदस्यज्यूहरु,

नेपालको संविधान कार्यान्वयनका क्रममा २०७४/०६/०२ गते सम्पन्न भएको स्थानिय तह निर्वाचन अन्तरगत यस नगरपालिकामा भएको निर्वाचनलाई सफल पार्नुहुने सम्पुर्ण मतदाता, निर्वाचन आयोग, राजनैतिक दल, उम्मेदवारहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सबै प्रती हार्दिक आभार व्यक्त गर्दछु ।

नेपाल सरकारबाट जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४, नेपाल सरकारबाट विभिन्न मितीमा जारी गरिएका नीति, निर्देशन, मार्गदर्शन, यस नगरपालिकाबाट जारी भएका विभिन्न नियमावली, आचारसंहिता कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्याक्रम तर्जुमा समिति, विभिन्न विषयगत समितिहरुका बैठकका निर्णय, नगरकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र नगरपालिकाका अध्यक्ष ज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान, प्रचलित ऐन कानुनको अनुसरण गर्दै टोल वस्तीस्तरबाट छनौट भै वडा समतिबाट प्राथमिकिकरण गरेर ल्याईएका योजना कार्यक्रमहरुलाई समेत मध्यनजर गर्दै यस धनगढीमाई नगरपालिकाको आ.व.२०७४/७५ को नीति तथा कार्यक्रम तथा वजेट निर्माण गरिएको छ ।

## धनगढीमाई नगरपालिकाको संक्षिप्त परिचय

धनगढीमाई नगरपालिका सिराहा जिल्लाका भवानिपुर, हनुमाननगर, फुल्काहाकट्टी, धनगढी, अयोध्यानगर र बिष्णुपुरकट्टी गरी साबिकका छ वटा गाबिसहरु समावेश गरी आश्विन ०१, २०७२ साल तदनुसार १९ सेप्टेम्बर २०१५ मा नेपाल सरकारद्वारा नगरपालिका घोषण गरिएको थियो । २०६८ को जनगाणना अनुसार यहाँको कुल जनसंख्या ४७,४४९ छ । धनगढीमाई नगरपालिकको उत्तरमा लगभग ८०० मीटर अग्लो चुरे श्रेणी देखि दक्षिणमा ८० मीटर सम्मको होचो तराई मधेशको भूभाग रहेको छ । उत्तर दक्षिण लगभग ३५ किलोमीटर लम्बाई र पूर्व पश्चिम लगभग १० किलोमीटरको चौडाईमा फैलिएको यो नगरपालिकाको उत्तरमा उदयपुर जिल्ला , पूर्वमा लहान नगरपालिका, पश्चिम तर्फ गोलबजार नगरपालिका र दक्षिणमा

सुखीपुर नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका रहेका छन् । नगरपालिकाले १५९.५ वर्गकिलोमीटर क्षेत्र ओगटेको छ । भौगोलिक अवस्थितिका हिसाबले यो नगरपालिका ८६० २७' २०'' पूर्वी देशान्तर देखि ८६० २९' ३७'' पूर्वी देशान्तर र २६० ४२' ३५'' उत्तरी आक्षांश देखि २६० ५४' ३१'' उत्तरी आक्षांश सम्म फैलिएको छ ।

**दीर्घकालीन सोंच :** ***" कृषि, शिक्षा, पर्यटन,स्वास्थ्य, सञ्चार र पूर्वाधार***

***धनगढीमाई नगरपालिकाको समृद्धिको मूल आधार"***

**लक्ष्य तथा उद्देश्य :** धनगढीमाई नगरलाई कृषि, पर्यटन, शिक्षा स्वास्थ्य व्यापार र पूर्वाधार बिकासका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न व्यवस्थित नमूना शहर निर्माण गर्ने ।

उल्लिखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य मुताविक यस नगरपालिकाले आ.व.२०७४/०७५ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास :**

**१. कृषि तथा पशुपन्छी**

**"आर्थिक समृद्धीको पहिलो आधार कृषि"** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

- **सबैमा बाली, रहनेछैन जग्गा खाली भन्ने नीति अनुरुप** नगर क्षेत्रभित्र पर्ने जगालाई कृषि, बसोवास, व्यवसायिक, व्यापारिक औद्योगिक, वन र सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित गरिनेछ ।
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ ।
- कृषि उत्पादनमा बढावा दिन वार्षिक रुपमा कृषि मेलाकोआयोजना गरिनेछ । उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गर्नेकार्यक्रम ल्याईनेछ ।
- नगरभित्र कम्तिमा २ वटा कृषि सूचना केन्द्र र कृषि पाठशालाको व्यवस्था गरिनेछ ।
- तरकारी उत्पादनबाट नगरपालिकालाई तरकारी आत्मनिर्भर बनाइने छ ।
- कृषि उपजलाई व्यवस्थित गर्न कृषि भण्डारण र शित भण्डार निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- कृषि उत्पादन, प्रसोधन व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण का लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यको थालनी गरिने छ ।
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण तथा कृषिसम्वन्धी वीमा र साना तथा गरिबीको रेखामुनि रहेका किसानहरूलाई सहुलियतपूर्ण कर्जा सहजीकरण कार्यक्रमको शुरुवात गरिनेछ ।
- नगदेवाली, तरकारी खेती, फलफूल नर्सरी, माछा, आँप खेतीलाई व्यवसायिक रुपमा विकास गर्नविशेष प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।

- भूगोल र हावापानी अनुकुल हुने कृषि प्रणाली लागू गरिने छ। कृषि औजार, मल, विउबिजन, र तालिमको प्रबन्ध मिलाईने छ।
- मासु तथा दुग्धजन्य (पशु/पन्छी) पालनका लागि गाई, भैसी, कुखुरा, राँगा, बाखा, सुङ्गुर, हाँस र परेवा लगायतका पशुपन्छीको व्यबसायिक पालनका लागि विशेष योजना बनाई अनुदानको व्यवस्था सहित सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ। सो का लागि ***कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्था ऐन, २०७४*** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- **प्रत्येक वडामा कम्तीमा एउटा कृषि सहकारी र हरेक गाउँमा कृषक समूह** निर्माण गरी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वयमा कृषि प्रणालीको वैज्ञानिकीकरण गर्ने कार्यको शुरुवात गरिनेछ।
- धनगढी बजारको कृषि हाटबजार लाई सुदृढिकरण र बिस्तार गरिनेछ।
- कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गरिने छ।
- तरकारी तथा अन्नबालिको भण्डारण गर्न सवै पक्षको सहभागितामा नगर स्तरीय कृषि भण्डार तथा शीत भण्डार गृह निर्माण प्रकृया अगाडी बढाईने छ।
- कृषिका लागि आवश्यक पर्नेमल, बीउ, कृषि औजारलाई सर्वसुलभ बनाईनुका साथै अनुदानको व्यवस्था गरिनेछ। प्राङ्गारिक मलको प्रयोगगरी आर्गानिक उत्पादनलाई विशेषप्रोत्साहन गरिनेछ।
- **एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक**को योजनालाई विशेष जोड दिइने छ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रम, उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ।
- दुग्ध उत्पादनका लागि बिशेष नीति अनुरुप **२० जना भन्दा वढी रोजगारी दिने** गरी सञ्चालित **पशुपालन तथा दुग्धजन्य उद्योग**लाई विशेष अनुदानद्धारा प्रोत्साहित गरिने छ।
- पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ। पशु आहाराका लागि घांस खेतिका कार्यक्रम संचालन गरिने छ। पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ। उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारिकरणको प्रवन्ध मिलाइने छ।
- कृषक तथा पशुस्वस्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ।
- नगर भित्रका पशुपंछी फर्म, माशुपसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ।
- स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडी बढाईने छ। साथै बजार क्षेत्रका मासु पसलहरुको स्थलगत अवलोकन समेतको आधारमा चालु वर्षमा कम्तीमा ५ वटा मासु पसललाई **आधुनिक मासु पसल सञ्चालनका लागि नगद अनुदानको व्यवस्था** गरिनेछ।
- केन्द्र सरकारको नीति अनुरुप कृषि खेती बिमा र पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गरिनेछ साथै कृषक पेन्सन योजनालाई प्रभावकारी बनाउनेछ।
- पशुपन्छी चिकित्सा सेवालाई सरल सहज र निःशुल्क औषधीको व्यवस्था गरिनेछ।

## २. <u>सहकारी</u>

- **"गाउँ गाउँमा सहकारी, घर घरमा भकारी"** भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तिन खम्बे अर्थ नितिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी ऐन तत्काल जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कृषि उत्पादन र वजारिकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाईने छ ।
- सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

## ३. उद्योग तथा वाणिज्य

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योग मैत्री नितिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्नविशेष प्रोत्साहित गरिनेछ ।
- औद्योगिक कोरिडोर कायम गरि ठुला, मझौला र साना उद्योगहरु संचालन गर्नको लागि उद्योग विकासको सम्भाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गरिने छ ।
- गरिबीको रेखामुनी रहेको पुर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशिलताको बिकास गराइ उद्यमी बनाइने छ ।
- नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्रि वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।
- बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाउदै लगिनेछ ।
- स्थापना हुने र संचालनमा रहेका उद्योग, फर्म तथा पसलहरुको दर्ता र नियमन गरिने छ ।
- उपभोक्ता हीत संरक्षण गरिने छ ।
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन गरी औद्योगिक अनुशासन कायम राखिनेछ ।
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

## ४. खानी तथा खनिज

- जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकीनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको सर्वेक्षण, अन्वेषण गरी सो को संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनका लागि **खानी ताथ खनिज पदार्थ सम्बन्धी ऐन जारी** गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५. रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गरि रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन कार्य अघि बढाइनेछ ।
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गरी आय आर्जनको अवसर प्रदान गर्ने कार्यको थालनी गरिनेछ र
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेखन गरी वास्तविक सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिनेछ ।

## **ख) सामाजिक विकास**

### १. शिक्षा

**"दक्ष जनशक्ति गुणस्तरिय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा ब्यापक सुधारसँगै बिकासको निति लागुगरी एक वडाएक नमुना बिध्यालयको योजना तय गरिनेछ ।

- ३ वर्षदेखि ५ वर्षमुनिका बालबालिकाको लागि प्रारम्भिक बाल विकासको अवधारणा अनुसार विद्यमान केन्द्रलाई व्यवस्थित गर्दै आधारभूत विद्यालयमा बाल विकास केन्द्र सञ्चालन गरिनेछ ।
- सामुदायिक आधारभूत र माध्यमिक विद्यालयका गुणस्तरीय शिक्षाका लागि उच्च प्राथमिकताका साथ अगाडि बढाईनेछ । विद्यालयका भौतिक पूर्वाधारलाई बाल/अपाङ्ग तथा बातवरणमैत्री बनाईनेछ ।
- पहिलोचरणमा प्रत्येक वडाका १-१ सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यमबाट पठन पाठनको शुरुवात गरी क्रमशः सबै विद्यालयहरूमा लागू गराईनेछ । सबै यस्ता विद्यालयहरूमा विद्युतीय पुस्तकालय **(E-Library)** को व्यवस्था ५ वर्ष भित्र गरिनेछ ।
- आगामी ५ बर्ष भित्र नगरलाई पूर्ण साक्षर नगर बनाउने नीति अवलम्वन गरीने छ । साथै शिक्षण सिकाईको नवीन पद्दती (जस्तै **Talking & audio visual Mathod)**लाई अगिंकार गर्ने नीति अवलम्वन गरीने छ ।
- अति गरीव दलित, असहाय, हरुवा चरुवा तथा द्वन्द्व पिडित बालबालिकालाई "नगर प्रमुख शैक्षिक छात्रबृति" प्रदान गरी पढ्न पाउने हकको सुनिश्चित गरिनेछ ।
- विद्यालय सुशासन, पारदर्शिता र जवादेहिता अभिबृद्धिको लागि बिधालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।
- युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरि रोजगारीमा अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षासेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम संचालन गरिनेछ ।
- निर्वाचित प्रतिनिधि, सरकारी निकायमा कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गरिने छ ।
- धनगढीमाई नगरपालिकामा व्यवस्थित नगर स्तरीय पुस्तकालय भवन निमार्णका लागि पहल गरिनेछ ।
- **"एक वडा एक नमुना बिद्यालय"** संचालनको लागि आवश्यक पहल गरिने छ ।

- शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमुलक र व्यवहारिक शिक्षामा जोड दिईनेछ ।
- बिद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिवेक्षण गरिने छ ।
- शिक्षा क्षेत्रमा मौलाउदै गइरहेको निजीकरण एबं ब्यवसायीकरणलाई न्युनिकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- शिक्षामा सबैको समान अधिकार र पहूँच पुऱ्याउन अनिवार्य आधारभुत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी ब्यबसायिक, सिपमुलक र ब्यबहारिक शिक्षा केन्द्रीत कार्यक्रम गरिने छ ।
- सबै बिद्यालयहरुमा भौतिक पूर्बाधार एबं शिक्षक ब्यबस्थापनमा जोड दिइने छ ।
- शैक्षिक उपलब्धीको आधारमा शिक्षक एबं बिद्यालयलाई पुरस्कृत गरिने छ ।
- बिद्यार्थी संख्या, सुगमता आदि मापदण्डका आधारमा बिद्यालय मिलान कार्यलाई अगाडी बढाइनेछ ।
- गरिब तथा बिपन्न बालबालिकाहरुलाई प्रत्येक बर्ष **"नगर प्रमुख शैक्षिक छात्राबृति"** प्रदान गर्ने ब्यबस्था गरिने छ ।
- नगर स्तरमा बहुमुखी प्राबिधिक शिक्षालय स्थापना गर्ने नीति अबलम्बन गरिने छ ।
- वालविकास र सामुदायिक अध्ययन केन्द्रलाई समय सापेक्ष व्यवस्थित र परिमार्जित गर्ने गरि TOR बनाइने छ ।
- शिक्षा सुधारका लागि "**नगर शिक्षा नीति"** बनाइने छ ।
- आगामी शैक्षिक सत्र देखि प्राविधिक विद्यालय संचालन गर्न विद्यालयलाई विशेष अनुदान सहयोग गरिने छ ।
- विशेष कक्षा संचालन भएका विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि तथा गोष्ठि संचालन गरिने छ ।
- स्नातक र स्नाकोत्तर तहको कक्षा सञ्चालन गर्न संस्था स्थापनाका लागि जोड आवश्यक पहल गरिनेछ । हरेक विद्यालयमा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- स्थानीय भाषाको संरक्षण तथा सम्बर्धनका लागि स्थानीय भाषामा आधारित पाठ्यक्रम तयार गरी पठन पाठन गर्ने कार्यका लागि समुदायलाई प्रोत्साहन गरिनेछ ।
- दलित तथा गरिब विद्यार्थीहरूका लागि थप विशेष कक्षाहरू सञ्चालन तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालयमा रहेका बाल क्लवलाई थप व्यवस्थित गरिनेछ ।
- महिनाबारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गरी विद्यालयमा नै छात्रामैत्री शौचालय एवम् निस्शुल्क स्यानेटरी प्याडको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।
- विद्यालयका वार्षिक कार्यक्रम भेलामा अभिभावक, शिक्षक र विद्यार्थीको अनिवार्य सहभागिताको लागि विशेष कार्यक्रम लागु गरिनेछ ।
- बालिका शिक्षा प्रवर्द्धनका लागि सकारात्मक विभेदका आधारमा बालिकाका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री एवम् छात्रा मैत्री शौचालय निर्माण गरी सञ्चालन गरिनेछ ।
- विद्यालयमा स्वच्छ खानेपानी र साबुन पानीले हात धुने व्यवस्था लागु गरिनेछ ।

- वडा कार्यालयको सिफारीसको आधारमा वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरुलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारीसहरु) बाट बञ्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीनेछ ।
- नगरपालिका क्षेत्रमा रहेको आधारभूत तहका विद्यालयहरुमा चालू आ.व.भित्रै विद्युत, पानी र पंखा सहितको आधारभुत सेवा मिलाउने नीति अवलम्वन गरीनेछ । वालविकास केन्द्रलाई स्थान आवश्यकता औचित्यता समेतका आधारमा छुट्टै वा पायक पर्ने विद्यालयको पूर्व प्राथमिक कक्षामा रुपान्तरण गर्ने नीति अंगीकार गरीनेछ ।
- दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरुले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरु पठनपाठन गरीरहेको सिफारीस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरु पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्नेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरु वीच अनुभव आदान प्रदान र अन्तरक्रियाका माध्यमबाट शिक्षण सिकाईको अनुभवन आदान-प्रदान गर्ने नीति अवलम्वन गरीनेछ ।
- नगरको शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्दै शिक्षण सिकाईको प्रभावकारीता साथै साक्षर नगर निर्माणका लागि "**नगर शिक्षा गुरु योजना**" तयार गरी कार्यान्वयनमा ल्याईनेछ । जस अन्तर्गत स्थानीय सरकारको काम कर्तव्य र अधिकार साथै स्थानीय कला संस्कृति, धर्म रहन सहन भेषभुसा झल्कने तथा सरकारलाई स्थानीयवासीले गर्नु पर्ने सहयोग विषय समावेश गरी २० पूर्णाकको पाठ्यक्रम नगर भित्रका सबै संस्थागत र नीजि बिद्यालयमा समावेश गर्नु पर्ने नीतिलाई कार्यान्वयमा ल्याईनेछ ।
- नगर भित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- **शिक्षा सहितको संस्कार, सिप सहितको व्यवहार** भन्ने नारा स्थापित गरी संस्थागत र सामुदायिक विद्यालयहरु संचालन हुने अबस्थाको सिर्जना गर्ने नीति अवलम्वन गरीनेछ ।
- नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थी समेतलाई आधार बनाएर **नगर शिक्षा प्रोफाईल** बनाउने कार्यको थालनी गरीनेछ ।
- विद्यालयको खाजा कार्यक्रमलाई वास्तविक विद्यार्थी संख्याको आधारमा व्यवस्थित गरिनेछ ।
- प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन गरिनेछ ।
- नगर भित्रका सबै विद्यालयमा अब उप्रान्त रंगरोगन गर्दा नगरपालिकाले एकरुपता हुने गरी गर्ने व्यवस्था क्रमशः मिलाउनेछ ।
- सबै विद्यालयहरुमा शिक्षक विद्यार्थीको पोशाकलाई अनिवार्य गरिनेछ । विद्यालयको मूल्यांकनमा यसलाई समावेश गरिनेछ ।
- नगर भित्रका विद्यालयको परीक्षालाई नगरस्तरीय बनाई व्यवस्थित गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको अभिलेख संकलन गरिनुका साथै आवश्यक अध्ययन गरी उचित व्यवस्थापनका लागि उपयुक्त निर्णय लिइनेछ ।
- नगर क्षेत्रका विद्यालयका प्रधानाध्यापकसंग कार्यसम्पादन सम्झौता गरी सो लाई मूल्यांकनको आधार बनाउने कामको शुरुवात गरिनेछ ।
- सबै सरकारी विद्यालयमा वर्षमा कम्तिमा एकपटक सबै विद्यार्थीको स्वस्थ्य परीक्षण गर्ने नीति लिइनेछ ।
- निजी विद्यालयको विद्यार्थी शुल्क निर्धारण नेपाल सरकारको मापदण्ड भित्र रहेर गर्न एवं तोकिएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँ दर्ता वा कक्षा स्तरोन्नतीको स्वीकृति दिइनेछ ।

- निजी विद्यालयहरुलाई सरकारले तोकेको गरीव विपन्न तथा सीमान्तकृत समुदायको कोटा अनिवार्य रुपमा पुरा गर्नु पर्ने व्यवस्थालाई कडाइका साथ पालना गराइनेछ ।
- निजी विद्यालयमा वर्षमा एकपटक विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षण, नियमित सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था कडाइका साथ पालन गर्न लगाइनेछ ।

## २. स्वास्थ्य

- स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सबै नागरबासिमा समान पहुँच पु¥याउने नीति लिइनेछ ।
- सबै स्वस्थ्य चौकीहरुमा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ र यसको मात्रालाई क्रमशः बढाउँदै लगिनेछ ।
- स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं भन्ने अभियान सञ्चालन गरी आम नागरिकहरुको सहभागितामा "**गाउँ, टोल, वस्ति सफा नगर सफा**"को कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरस्तरमा बिशेषज्ञ चिकित्सक सहितको कम्तिमा १५ शैथ्याको अस्पताल सञ्चालनको व्यवस्था गरिनेछ । २४ घण्टा आकसिमक सेवा निःशुल्क संचालनका लागि व्यवस्था मिलाईनेछ । अन्य स्वास्थ्य संस्थाहरुमा प्रबिधियुक्त, दक्ष जनशक्ति सहितको आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै जनतामा पु¥याउन सचेतना वा जागरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- सार्वजनिक निजी साझेदारीमा अस्पताल स्थापना र सञ्चालन कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- नगर क्षेत्रमा एम्बुलेन्सको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- किशोर किशोरीलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतना मूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- **"हाम्रो व्यवहार स्वास्थ परिवार"** भन्ने नारालाई सफल पार्न **"एक वडा एक स्वास्थ्य केन्द्र स्थापना"**को कार्यलाई क्रमशः अगाडी बढाईनेछ ।
- शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाउन पहल गरिनेछ ।
- एक गाउँ एक स्वास्थ्य क्लिनिकको कार्यलाई प्रोत्साहित गरिनेछ ।
- यस नगरक्षेत्र भित्र स्वेच्छिक रुपमा ब्लड डोनेसन गर्ने⁄गराउने संघ, संस्थालाई संकलन भएको प्रति पाउण्ड रगत बराबर रु ५०। (अक्षरुपी पचास) का दरले रेडक्रससंग वा रेडक्रसको सिफारीसमा नगरले साझेदारी गर्नेछ । साथै नगरले आफ्नो प्रोफाईलमा दुर्लभ ब्लड गुप्र भएका नागरिकहरुको सम्पर्क नाम र नम्बर सहित प्रकाशित व्यवस्था गरीने छ ।
- नेपाल रेडकस सोसाईटी संगको समन्वयमा नगर क्षेत्रमा एउटा ब्लड बैंक स्थापना गर्न पहल गरिने छ ।

  समय समयमा बिपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर संञ्चालन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार गर्दै लगिनेछ ।
- स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।
- नगरमा पूर्ण खोप कार्यक्रम सम्पन्न भै सकेकोले यसलाई निरन्तरता दिईनेछ ।
- सबै स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा दिईनेछ । साथै, सबैस्वास्थ्य चौकीहरूमा क्रमशः बर्थिङ् सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

- ५ वर्षभित्र कम्तीमा २ वटा प्राथमिक स्वास्थ्य केन्द्र **(Primary Health Center)** १५ शैय्याको सुविधा सम्पन्न अस्पताल बनाउन आवश्यक पहल गरिनेछ ।
- ब्यक्ति स्वस्थ परिवार स्वस्थ, घर स्वस्थ समाज स्वस्थ, समुदाय स्वस्थ राष्ट्र समृद्धको मान्यतालाई आत्मसात गरी कार्यक्रम तय गरिनेछ ।
- दलित तथा अल्पसंख्यक र सिमान्तकृत समुदायका दिर्घरोगी बिरामीहरुलाई प्रकृति अनुरुप आंशिक तथा पूर्ण निशुल्क उपचारको ब्यबस्था मिलाइनेछ ।
- **"भरोसा होस् नगर माथी, घरगाउँमा स्वास्थ्यकर्मी साथी"** भन्ने भावनाको बिकासका गर्न समय समयमा बिपन्न, असहाय, दलित, हरुवा चरुवा, जेष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्य जाँचका लागि घरदैलो कार्यक्रम संञ्चालन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरी स्वास्थ्यमा सबै नागरिकको पहुँच पुर्‍याइनेछ ।
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा सामुदायिक स्वास्थ्य ईकाइ गठन गरिनेछ ।
- **No More Home Delivery** कार्यक्रम प्रभावकारी ढंगले अगाडी बढाइ ३ वर्ष भित्र नगरपालिकालाई नै **No More Home Delivery** घोषणा गरिनेछ, साथै स्वास्थ्य केन्द्रमा **Delivery** गराउँदा हालसम्म सुत्केरीले पाउँदै आएको रकममा नगरपालिकाबाट रु.५००। थप गरी रु.१०००।(एक हजार मात्र ) एकमुष्ट उपलब्ध गराइनेछ ।
- बढीमा दुई सन्तानसम्म पहिलोपटक गर्भ जाँच गरेदेखि वच्चा २ वर्ष नपुगेसम्म मासिक रु.५०० ( पाँच सयक मात्र) को दरले पोषणभत्ता उपलब्ध गराईनेछ । यो सेवा सामुदायिक अस्पतालमा नियमित स्वास्थ्य परिक्षण गर्ने तथा बर्थिङ् सेन्टरमा सुत्केरी हुने महिलालाई मात्र प्रदान गरिनेछ ।
- ज्येष्ठ नागरिकको हकमा वर्षको कम्तीमा २ पटक घर आँगनमै स्वास्थ्य परीक्षण गरिने व्यवस्था मिलाईनेछ । पाँच वर्ष मुनिका बालबालिका र आमाको स्वास्थ्य परीक्षण गरी कुपोषित बच्चा र आमालाई लक्षित गरी पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै स्वास्थ्य चौकी र अस्पताललाई बिरामी मैत्री बनाईनेछ ।
- धुलोधुवाँबाट सुरक्षाका लागि धुवाँरहित चुल्हो एवं गोबर ग्याँस प्लान्टका लागि सहयोग एवम् प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाको वाडा नं. १० मा रहेको अधुरो प्राकृतिक चिकित्सा भवनलाई पूर्णता दिई सञ्चालनको प्रयास गरिनेछ । साथै आयुर्वेदिक र होमियोपैथिक चिकित्सा अस्पतालहरू स्थापनामा आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाले आवश्यकताको आधारमा मुख्य बजार क्षेत्र लगायत अन्य क्षेत्रमा क्रमशः मच्छर नियन्त्रणको लागि औषधि छर्कने प्रवन्ध मिलाईने छ भने उल्लेखित कार्यका लागि वडा कार्यालयको पहल, पहिचान र सिफारीसमा कार्यारम्भ गरीने नीति अवलम्वन गरीनेछ ।
- जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भफेर्ने, मृगौला खराब भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधी उपचार सहयोगका अतिरीक्त नगरबाट यातायात खर्च स्वरुप प्रति बिरामी रु ५०००। (अक्षरेपी पाच हजार रुपैया) एक पटकका लागि उपलब्ध गराउने नीति अबलम्बन गरीने छ ।
- जनस्वास्थ्य प्रवर्द्धन शाखाको सिफारीसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनीकणका लागि औषधि एवम् जनशक्ति व्यवस्थापन गर्ने नीति अबलम्बन गरीनेछ ।

## ३.युवा खेलकुद तथा मनोरञ्जन

**"हामी खेल्छौं, स्वस्थ्य बन्छौं, धनगढीमाईलाई चिनाउँछौं "**

- नगरपालिकामा खेलकुदको सर्वांगिण विकासका लागि कार्यविधि तयार गरी सो को परिधि भित्र रहेर काम गर्ने गरी धनगढीमाई नगरपालिका स्तरीय **नगर खेलकुद विकास समिति** गठन गरिनेछ । उक्त समितिको बोर्डले युवा सूचना केन्द्र सञ्चालन, खेलकुद विकास, पुस्तकालय (ई लाइब्रेरी) संचालन तथा व्यबस्थापन गर्नेछ ।
- नगरपालिका क्षेत्रमा रंगशाला निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक पहल गरिने छ । साथै कवर्डहलको निर्माण कार्यलाई अगाडी बढाइनेछ । जसका लागि चालू आ.व. भित्रै क्षेत्र पहिचान गरी युवा तथा खेलकुद मन्त्रालयसंग कार्य आरम्भ गर्न पहल कदमी अगाडि बढाईने छ । आगामी ५ वर्ष भित्र साविकका ६ वटै गाविसहरुमा कम्तिमा १/१ वटा खेल मैदान निर्माण गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री खरीद तथा खेल मैदानको स्तरोन्नती गर्न सहयोग गरिनेछ ।
- युवा जनशक्ति समाज बिकासको मेरुदण्ड भएकोले बिकास निर्माण, आर्थिक उन्नती, कृषि उत्पादन र सामाजिक परिचालनमा नगरपालिकाका १४ वटै वडामा  खेलकुद सम्बन्धित युवा क्लब गठन गर्न प्रोत्साहन गरिनेछ । ती युवा क्लबहरुलाई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाका सहभागिता सहितको कार्यक्रम परिचालनमा प्राथमिकता दिइनेछ ।
- नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामाग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ ।
- वर्षको कम्तिमा १ पटक नगर स्तरमा धनगढीमाई कप लगायत बिभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाई विशेष सम्मान तथा नगद पुरस्कार सहित जीविकाका लागि बैकल्पिक व्यवस्थाको पहल गरिनेछ ।
- युवाहरुलाई उत्पादन सहकारी, क्षमता बिकास, सामाजिक नेतृत्व र सिपमुलक तालिमद्धारा दक्ष बनाइ बिकास कार्यमा लगाइनेछ ।
- बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गर्न कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठुलो लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिनेछ ।
- युवा पलायन वा भ्रष्ट भए देश डुब्छ, त्यसैले युवाहरु कूलत र दुर्व्यसनी होइन, समुदायमा चेतना र राष्ट्र निर्माण गर्ने धरोहर हुन् भन्ने मर्मलाई आत्मसाथ गर्दै युवाशक्ति बिदेश पलायन हुनबाट रोक्न नेपाल सरकारबाट संञ्चालित युवा स्वरोजगार कार्यक्रमसंग समन्वय र सहजिकरण गरी सहज र सरल रुपले स्वरोजगार कर्जा प्राप्त गर्ने वातावरण निर्माण गर्न पहल गरिनेछ ।
- समाजबादी आर्थिक क्रान्तिको पहिलो आधार युवा जनशक्तिलाई **"खाएर गर्ने होइन कि गरेर खाने"** नीतिलाई आत्मसाथ गरी प्रबिधी बिकासमा जोडेर परिचालन गर्ने निति ल्याइनेछ ।
- बेरोजगारको तथ्यांक संकलन गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगारमुलक लघु उद्यम, साना तथा घरेलु उद्योग मार्फत रोजगारी सृजना गर्ने नीति लिइनेछ ।
- सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधी हस्तान्तरण कार्यक्रम अगाडी बढाइनेछ ।

**४.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लक्षित समेत)**

- सामाजिक रुपमा पछाडि पारिएका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै सेवा प्रवाह गरि सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनिकरणलाई सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी वनाउँदै लगिनेछ ।

- विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।
- मधेशी, मूस्लीम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हक हितको संरक्षण, सम्बर्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरीनेछ ।
- यौनीक तथा लैंगीक रुपमा अल्पसंख्यक समूदायको हक हितका संरक्षण र संरक्षणको लागि विशेष व्यवस्था गरीनेछ ।
- विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरीनेछ ।

## ४.१ महिला

- महिलाको मौलिक हक अधिकार एवं विकासका लागि आवश्यक कदम चालिनेछ ।
- महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडी बढाइनेछ ।
- महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, वालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाइने र सबै वडा कार्यालयमा यस सम्बन्धी अलग्गै डेस्क बनाइनेछ ।
- नगरपालिकाले एकल महिलाहरुको संरक्षण र सुरक्षा गर्ने नीति अबलम्बन गर्नेछ । जसका लागि नगरपालिकाकाले **एकल महिला कोष** खडा गरी आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि कार्यक्रमको प्रकृति र प्रभावकारीता हेरी अनुदान दिने नीति अबलम्बन गरीनेछ ।
- गाउँस्तरमा महिला सहकारी तथा समुहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा बृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको क्षमता अभिबृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरीनेछ ।

## ४ २ बालबालिका : बालमैत्री स्थानीय शासन

- बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ ।
- बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालबालिकाको उनीहरुका लागि गरीने निर्णय प्रकृयामा अर्थपूर्ण सहभागीता गराउनका लागि नगरले विशेष पहल गर्नेछ ।
- नगरपालिकालाई बालमैत्री नगर बनाई भावि पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिनेछ ।
- नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्नको लागि कार्यकम बनाई कार्यान्वयन गरीनेछ ।
- बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।
- बाल क्लब र बाल संञ्जालहरु मार्फत बालबालिकाको चेतना अभिबृद्धि गरिनेछ ।
- बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन भन्ने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयमा भर्ना भएका किशोरीहरुको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतना तथा सशक्तिकरणका कार्यकम सञ्चालन गरीनेछ ।
- बालक्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लब गठन र सञ्चालन गरीनेछ ।
- नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक नीजि साझेदारीमा बाल उद्यान निर्माण गरीने छ । यस प्रकारका बाल उद्यान निर्माणमा नीजि तथा सामुदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिईनेछ ।

## ४.३. जेष्ठ नागरिक:

- बैंकहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरीनेछ भने ८० वर्ष उमेर नाधेका जेष्ठ नागरिकहरुलाई घर घरमै जनप्रतिनिधिद्धारा बैंक मार्फत भत्ता पुर्याउने व्यवस्था गरीनेछ ।

- जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाइनेछ ।
- चालु आ.व.मा आगामी बैशाख १ गते र हरेक बर्ष अक्टोवर १ तारिख (जेष्ठ नागरीक दिवस)का दिन धनगढीमाई नगरपालिका क्षेत्रमा रहेका सबै भन्दा जेष्ठ महिला र पुरुषलाई नगर स्तरिय जेष्ठ नागरिक घोषणा तथा सम्मान कार्यक्रम गरिनेछ ।

**४.४.दलित समुदाय :**

- समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा बिकास गरिने नीति अवलम्बन गरिनेछ ।
- जातिय छुवाछुत एबं भेदभाव बिरुद्धको कानुनलाई कडाईका साथ लागु गरिनेछ ।
- दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आयआर्जनमा बृद्धि तथा आत्मनिर्भर बन्ने वातावरण निर्माण गरिनेछ सोका लागि लक्षित कार्यकम सञ्चालन गरी थप सशक्तिकरण गरिनेछ ।
- विपन्न दलितबस्ती पहिचान गरी नमुनाबस्ती बिकास कार्यक्रम क्रमश कार्यान्वयन गरिनेछ ।
- जातिय बिभेद र उत्पीडनका बिरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- यस नगरक्षेत्र भित्र छुवाछूत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यकमहरु तय गरी लागू गरीनेछ ।
- परम्परा देखि चलि आएको दलित वर्गको सिपलाई आधुनिकीकरण गरी संचालन गर्न सम्बन्धित वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।

**४.५.जनजाती :**

- आदिवासी जनजातीहरुको भाषा संस्कृति र भेषभुषा सम्बन्धि सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, भेषभूषा, भाषालीपि, कला, संस्कृति को संरक्षण र सम्बर्द्धन गरिनेछ । आदिवासी जनजातीहरुको नमुना बस्ती विकासको लागि अध्ययन गरिनेछ ।
- आदिवासी जनजाती पुरातात्विक बस्तु संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।
- भाषालिपी, भेषभुषा संरक्षणगर्न अध्ययन गरिनेछ ।
- आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई नगरपालिकाले सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

**४.६.अशक्त /अपांगता:**

- हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता तथा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागु गरिनेछ ।
- नगरभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरिनेछ ।
- नगर भित्र निर्माण हुने जुनसुकै प्रकृतिका सार्वजनिक संरचना अपांगमैत्री बनाईनेछ ।
- पूर्ण अपांगता भएका नागरिकहरुलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्वारा बैंक मार्फत निजहरुकै घरमा पुर्याईने व्यवस्था मिलाईनेछ ।

- अपांगता भएका नागरिकहरुलाई नगरपालिकाले जुनसुकै प्रकारका सिफारीस गर्दा वा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिईनेछ ।

**४.७. संस्कृति सम्पदा तथा पर्यटन प्रवर्धन**

- **"सुन्दर धनगढीमाई समृद्ध धनगढीमाई आम नगरबासीको मुख्य ठम्याई"** भन्ने मुल नाराका साथ पर्यटन प्रबर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरि **पर्यटन गुरु योजना** तयार गरिने छ एवं कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण, विद्यापती स्मारक लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ ।
- वडा नं १३ को दुरविन डाँडामा दृश्यावलोकनका लागि भ्यू-टावर तथा Picnic Sport (बनभोज स्थल) निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धनका लागि कार्यारम्भ गरिनेछ ।
- स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ साथै परम्परागत रुपमा चलि आएका जात्रा पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- **"सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान समृद्ध समतामूलक वातावरण मैत्री नगर निमार्ण हाम्रो अभियान"** भन्ने नारालाई स्थापित गरी सबै भाषा धर्म संकृतिको संरक्षण सम्बर्द्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरीनेछ ।
- विशेष रुपमा ताल निर्माणमा जोड दिईनेछ । सार्वजनिक ठूला पोखरीलाई आन्तरिक पर्यटनलाई सहयोग हुनेगरी निर्माण तथा सुधार गरिनेछ ।
- **"पर्यटन गुरु योजना"** निर्माण गरिनेछ ।
- नगरका सबै वडामा एक हरित पार्क र एक बाल उद्यान निर्माण गरिनेछ ।
- सांस्कृतिक परम्परा बमोजिम मनाइने पर्वहरुलाई व्यवस्थित गरिनेछ र नगर भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वा, चर्च, मस्जिदको अभिलेख तयार गरी आवश्यक मर्मत सम्भार सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिईनेछ ।
- विद्यापतिका साहित्यिक कृतिलाई खोज गरी विद्यापति अध्ययन अनुसन्धान केन्द्र निर्माण र विद्यापती पार्क निर्माण कार्यको शुरुवात गरिनेछ ।
- अल्पसंख्यक जातजाती र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्नका लागि विशेष नीति योजना बनाई सास्कृतिक संग्रहालय निर्माणको पहल गरिनेछ ।
- समाजमा रहेका बिभिन्न कला प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रबर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।।
- पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ । मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यबस्थापनको कार्यलाई प्राथमिकता दिइने छ ।

**४.८. गैर सरकारी संघ संस्था**

- नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती पश्चात आफ्नो कार्य क्षेत्र तय गरी सामुदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ ।
- संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो संग सम्बन्धित कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विदेशी दातृनिकायहरू मार्फत् अनुदान प्राप्त **NGO** र **INGO,** एवं निजि तथा व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ
- नगर क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा नेपाल सरकारको प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र

कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अबलम्बन गरीने छ ।

### ४.९ पञ्जिकरण तथा सामाजिक सुरक्षा

- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) अभिलेख व्यवस्थापन गरिनेछ ।
- पञ्जिकरण र सामाजिक सुरक्षालाई Online entry गरिनेछ ।
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणमा बैंकिङ्ग प्रणाली अपनाइने छ असक्त र ८० वर्ष नाघेका जेष्ठ नागरिकको हकमा बैंकको सहकार्यमा घरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रवन्ध मिलाइने छ
- जेष्ठ नागरिक, एकल महिला, दलित, अशक्त र बाल पोषण परिचय-पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित र झन्झटमुक्त गरिनेछ ।

## ग) पूर्वाधार विकास

### १. सडक तथा भौतिक निर्माणतर्फ

- **नगरस्तरीय सडक गुरुयोजना (MUNICIPAL TRASPORT MASTER PLAN, MTMP)** जारी गरीनेछ । साथै **MTMP** बाट निर्दिष्ट गरिएका सवै सडकहरुको **Right of Way (ROW)** निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्यन गरिनेछ ।
- सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
- स्थानीय सार्वजनिक यातायात बस, ट्याक्सी र ट्याम्पो लगायतको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गरिनेछ ।
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय गरेर काम गरिनेछ ।
- कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जाल बिस्तार गरिनेछ । ***'हाम्रो सडक सुन्दर र फराकिलो सडक'*** अभियान मार्फत नगर क्षेत्र भित्रका सडकहरु फराकिलो र स्तरोन्नति गरिनेछ ।
- धनगढीमाई नगरपालिकामा बसोबास गर्ने आमनागरिकलाई रणनैतिक रुपले सडक आवागमनसंग जोड्नका लागि चक्रपथ लगायत सडक सञ्जल निर्माणका लागि आवश्यक नीति अवलम्बन गरिने छ ।
- निर्माण कम्पनिद्धारा नगरपालिका भित्र निर्माणाधिन केन्द्रीय तथा क्षेत्रिय सडकहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभाबकारी बनाइने छ ।
- आगामी तिन बर्षभित्र सबै टोल र बस्तीमा सडक सञ्जाल पुऱ्याइने गरी काम अगाडी बढाइने छ ।
- बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीति लिइनेछ ।
- हरित र वाताबरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिने छ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरी नियमित अनुगमन तथा नियमन गरिनेछ ।
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन र विकास गरिनेछ ।
- यातायात सुविधामा सबै वडावासीको सरल, सहज र समान पहुँच निर्माण गरिनेछ ।

- नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनका लागि एक समिति निर्माण गरी तत्काल काम अघि वढाइनेछ ।
- नेपालको संविधानले समावेशी र समन्यायीक विकास गर्ने नीति अबलम्बन गरे बमोजिम नगरपालिकाका १४ वटा नै वडाहरुको विकासलाई समान प्राथमिकतामा राखिने छ । नगर क्षेत्रमा बनेका सडकहरु मध्ये उत्कृष्ट सडकको पहिचान गरी सो सडकमा पार्क उद्यान लागायतका पर्यटकीय आकर्षणका बस्तुहरु लगायत पूर्वाधार निमार्ण गरी आन्तरीक र बाह्य पर्यटक आकर्षित गर्ने नीति अबलम्बन गरीने छ ।
- **MTMP** ले निर्दिष्ट गरे अनुसार नगर चक्रपथको सर्भे सम्पन्न गराई तदनुरुप कार्यप्रारम्भ गरिनेछ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्हारका लागि मर्मत सम्हार कोष स्थापना गरिने छ ।
- साविक गा.वि.स. देखि प्रचलनमा रहेका ४० फिटे चौडाई भएका एवं मापदण्ड भित्रका भित्री शहरी सडकहरुमा **एजिंग र ड्रेन** तयार गरी जनताको प्रत्यक्ष लागत सहभागितामा (४० प्रतिशत जनस्तरबाट ६० प्रतिशत नगरपालिकाबाट) कालोपत्रे सडक निर्माण लगायत अन्य जुनसुकै क्षेत्रको विकास तथा निर्माणको लागि माग भई आएमा चालु आर्थिक वर्षको समानीकरण कोष लगायतबाट बजेट व्यवस्थापन गरी नगरपालिकाले कालोपत्रे लगायत अन्य विकास निर्माण गर्ने नीति अवलम्बन गर्नेछ ।
- नगरपालिकाको स्वामित्वमा रहने गरि नगर भित्र नगर यातायात व्यवस्थापन र सञ्चालन गर्न अध्ययन कार्यलाई अगाडी बढाइनेछ ।
- नगरपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानमा बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।
- बजार क्षेत्रमा यातयातलाई व्यवस्थित बनाइने नीति तर्जुमा गरिने छ ।

## २. भवन तथा सहरी विकास

- नगरपालिका गठन हुनु पूर्व निर्माण भएका घरहरुको अभिलेखिकरण कार्य तत्काल प्रारम्भ गरिने छ ।
- नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले कार्यालयहरुका तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम सजाय समेत गरिने छ ।
- शहरी बिकास तथा भवन निर्माण आचार संहिता २०७२ लाई कडाइका साथ लागू गरिनेछ ।
- सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन ।
- भवन निमार्णका लागि अनुमती दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था मिलाईने । घर भित्रको फोहर व्यवस्थापनको लागी सडने र नसडने गरी अलग अलग कन्टेनर राख्नु पर्ने नीति अवलम्वन गरिने छ । घर सम्पन्न प्रमाण पत्र दिंदा घरको चारै दिशाको फोटो अनिवार्य गरिनेछ । सो को स्पष्टता अनुगमनबाट गरीनेछ ।
- नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरीएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निमार्ण अनुमति दिईने छैन ।

- बढ्दो जनसंख्या र नागरीकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालय संग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गर्ने नीति अवलम्वन गरीने
- **"धुलो रहित शहर, धनगढीमाईवासीको रहर "** भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई आगामी समयमा क्रमशः धुलो रहित सडक बनाउने नीति अबलम्बन गरीने छ । जसका लागि नगरपालिकाका प्रमुख सडक, शाखा सडक र भित्री सडकहरु क्रमशः **कालोपत्र** गर्दै लगिने छ ।
- **"झलमल्ल शहर, धनगढीमाईवासीको रहर"** भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ सो का लागि योगदानमा आधारित जनसहभागिताको नीतिलाई प्राथमिकता दिइनेछ ।
- नागरिकको अत्यन्त गुनासोको रुपमा रहेको घरनक्सा पास प्रक्रियालाईं सहज र सरलिकृत गर्न **ONE DOOR SYSTEM** मा घर नक्सा पास प्रक्रियालाई रुपान्तरण गर्नुका साथै चालू आ.व. भित्रै घरनक्साको सफ्टवेयरलाई कार्यान्वयनमा ल्याईने छ ।
- घर नर्मािणका लागि घरनक्सा अनुमती दिंदा पूर्व पश्चिम राजमार्गसंग जोडिएका जग्गाको हकमा सरकारले तोकेको सडक अधिकारक्षेत्र भित्र पर्ने १०२ फिट पछि थप ३ फिट छाडेर भवन निर्माण गर्ने गरी मात्र भवन निर्माण अनुमती दिने नीति अवलम्बन गरिनेछ ।
- नयाँ बन्ने घरहरुमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम **HYBRID** सोलार जडान गर्नु पर्ने नीतिलाई प्रोत्साहन गरीनेछ । सो कार्यको उत्प्रेरणाका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइनेछ । सो सुविधालिई सोलार बत्ति नजोड्ने घरधनी लाई घर निर्माण सम्पन्न प्रमाण पत्र दिंदा कुल राजश्व रकमको २५ प्रतिशत थप जरीवाना गर्ने नीति अबलम्बन गरीने छ ।
- **सभ्य नागरीकहरुको बसोवास भएको नगर**को पहिचान स्थापित गर्न पूर्वपश्चिम लोकमार्ग र सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीने छ । नगर क्षेत्रका सडक पेटीमा निमार्ण सामाग्री राख्ने र छाडा चौपाया छाड्ने व्यक्तिहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउने नीति अबलम्बन गरीने छ ।
- नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होर्डिङ्ग बोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरीने छ ।
- धनगढीमाई नगरपालिकाको केन्द्र स्थित आफ्नै स्वमित्वमा रहेको जग्गामा संघीय सरकारबाट भवन निर्माण अनुदान प्राप्त भए संगै मुख्य प्रशासकीय भवन निर्माण कार्य थालनी गरिनेछ एवं नगरपालिकाको व्यवस्थापकीय भवन, न्यायपालीकीय भवन, अन्य विषयगत शाखा सञ्चालन भवनहरु तथा क्रमशः सबै वडा कार्यालयको आफ्नै छुट्टै भवन निर्माण कार्य थालनी गरिनेछ । यी सबै भौतिक संरचनाको निर्माण यस कार्यकाल भित्र सम्पन्न गरीनेछ ।
- नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न आधुनिक बहुउपयोगी भवन (**Multy Purpose Building**) निर्माणका लागि सार्वजनिक निजी साझेदारीमा यसै आ.व. बाट नै कार्य थालनीको प्रयास गरीने छ । जसमा बैकिङ हव, सुविधा सम्पन्न सपिङ मल, सिनेमा हल, कृषि बजार आदि संचालन गरीनेछ ।

## ३. भूमी व्यवस्थापन तथा वस्ती विकास

- **भू-उपयोग गुरु योजना** जारी गरीने छ । नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालिन एबं वातावरणमैत्री दीगो विकासका लागि **भू उपयोग गुरु योजना** अनुसार आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवम सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत

नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका वस्ती विकास एवं व्यवस्थित नगर निमार्ण गर्ने नीति अबलम्बन गरीने छ ।

- नगरपालिकाको नगर विकास गुरुयोजना अनुरुप व्यबस्थित स्मार्ट सिटीको निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- धनगढीमाई नगरपालिकाको वडा नं. १४ मा नीजी स्वामित्वमा रहेका जग्गाको मालपोत लगायतका भूमीकर बुझाउन उदयपुर जिल्लामा जानुपर्ने वाध्यात्मक अवस्थाको अन्त्य गरी नगरपालिकामा नै उक्त कार्य गर्ने गरी आवश्यक व्यवस्था मिलाउनका लागि यथाशीघ्र पहलकदमी चालिनेछ ।
- **"एक वडा एक एकिकृत वस्ती"** विकासमा जोड दिइनेछ ।
- वैज्ञानिक भूमि व्यवस्थापन र भू-उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।
- भूमिमाथि जोताहा किसानहरूको स्वामीत्वलाई सुनिश्चितका लागि संघिय तथा प्रान्तिय सरकारको निति बमोजिम लागु गरिनेछ ।
- सबै गरीब, भुमिहिन, दलित बस्तीहरूमा सामुदायिक भवन (दलान)निर्माणको शुरुवात गरिनेछ ।
- एकिकृत वस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुबिधा बिस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।
- जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई व्यवस्थित बनाईने छ । नगरपालिकाबाट जग्गा प्लटिङ्ग योजना स्वीकृत नगराई जग्गा प्लटिङ्ग गर्न दिइने छैन । नगरपालिकाबाट स्वीकृत जग्गा प्लटिङ्ग योजनाको आधारमा मात्र कित्ता काट गरी नक्सा पासका लागि सम्वन्धित कार्यालयमा सिफारीस गरीने छ ।
- नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरिने छ । सो का लागि एक समिति गठन गरी तत्काल कार्य प्रारम्भ गरिनेछ ।
- भूमीहीन सुकुम्बासीहरुको व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिने छ । भूमिहिनहरुको लगत संकलन गरी सम्बन्धित निकायको समन्वयमा भूमिहिन सुकुम्बासीको वास्तविक संख्या एकीन गरिनेछ तथा दलित, लोपोन्मुख एवं सीमान्तकृत समुदायमा **जनता आवास कार्यक्रम** विस्तार गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

## ४.उर्जा तथा विद्युतीकरण

- नगर भित्रका सार्वजनिक स्थान र सडक एवं वजार, गाउँ टोलहरुमा सडक वत्ती जडान कार्यको शुरुवात गरिनेछ ।
- विद्युतिकरण हुन वाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ । मुख्य वजार क्षेत्रमा सौर्य उर्जा (solar pawer) का सडक वत्ति राख्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- नगरपालिका क्षेत्र भित्र वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गर्दै सडक वत्तीलाई प्राथमिकतामा राखीनेछ ।
- नगरपालिकाको सबै बस्तीमा बिद्युतको विस्तार गरिने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

## ५. सूचना तथा सञ्चार

- सबै वडा कार्यालयहरुमा सोलार जडान गरी इन्टरनेट सेवा बिस्तार गर्दै सेवा प्रवाहलाई सरलीकरण गरिनेछ ।
- युवा सूचना केन्द्रको स्थापना कार्यको थालनी गरिनेछ ।
- सबै वस्तिहरुमा टेलिफोन तथा मोबाइल सेवा पुऱ्याउन पहल गरिने छ र इन्टरनेट सेवालाई बिस्तार गरिने छ ।
- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।
- एक सय वाट सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन कार्यलाई कानून बनाई व्यवस्थापन गरिनेछ ।
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वडामा पहुँच पुग्ने गरी छापा माध्यम तथा बिधुतिय माध्यमका सञ्चार सेवा र संञ्चार गृहको स्थापना, स्तर उन्नती तथा बिकासको लागि पहल गरिनेछ ।
- नगरपालिकाबाट हुने र भएका कार्यक्रमहरुको सार्वजनिकीकरण गर्न पत्राकार महासंघ सँग समन्वय गरी चौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वन गरिनेछ ।
- सुरक्षित र प्रविधि मैत्री नगर निर्माण गर्ने नीति अबलम्बन गरीने छ । जसका लागि नगरका सबै वडाको मूख्य मूख्य चौक, धार्मीक तथा पर्यटकीय स्थलहरुमा विद्युत व्याकअपको लागि सोलार बत्तिको व्यवस्था सहित सीसी क्यामेरा र फ्रिवाईफाई जडान गर्ने कार्य प्रारम्भ गरिनेछ ।

## ७. योजना छनौट तथा कार्यान्वयन

- तल देखी माथि जाने (Buttom Up Approach) नीति अनुसार वस्ति वस्तितहबाट योजना छनौट गरिने छ ।
- योजना छनौट तथा प्रथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।
- योजना चक्रको प्रत्येक चरणमा सरोकारवाला तथा हितग्राही समूहलाई सहभागी गराईने छ ।
- बढी भन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईने छ ।
- वडा स्तरीय साना योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्रथमिकता दिईने छ ।
- योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाईने छ ।
- उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ ।
- नेपाल सरकारको कम्पनी ऐन अनुरुप निर्माण सेवाहरु दर्ता, नबिकरण र संञ्चालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र ठुला, मझौंला र साना भौतिक पूर्बाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगर पालिकाबाट अनुमती लिनु पर्ने व्यवस्था लागु गरिने छ ।

## ८. खानेपानी तथा सरसफाई

स्वच्छ खानेपानी स्वस्थ्य जीन्दगानी भन्ने नीतिलाई अवलम्बन गर्दै देहायका कामहरुलाई प्राथमिकतामा राखि काम अगाडी बढाइनेछ।

- सबै नगरबासीहरूलाई ५ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाईकार्यान्वयन गरिनेछ। निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित सरकारी निकायमा विशेष पहल गरिनेछ।
- धनगढीमाई नगरपालिका जिल्लाकै प्रथम खुला दिशामुक्त क्षेत्र घोषणा हुने पहिलो नगरपालिका भएकोमा आत्मगौरव गर्दै अब उप्रान्त पूर्ण सर सफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी गैर सरकारी संघ संस्थाको सहयोग र समन्वय तथा आम नागरिक समेतको सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागु गरिने छ।
- गाउँघर सरसफाई अभियान सञ्चालन गर्दै फोहर व्यवस्थामा जोड दिइनेछ।
- सफा पानी, स्वच्छ नागरिक, प्रत्येक नागरिकको खानेपानीमा पहुँच पुऱ्याउन एक घर एक धाराको कार्यक्रमलाई क्रमशः अभियानको रुपमा अगाडी बढाइने छ।
- चालु खानेपानी योजनाहरुको निर्माण कार्य यथा शिघ्र सम्पन्न गर्न।
- नगर क्षेत्र भित्रका सार्वजनिक स्थान/चौकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक नीजि साझेदारीमा सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ।
- प्रत्येक वर्षखानेपानीमा आर्सेनिक, आइरन तथा कोलिफर्म जाँचको व्यवस्था मिलाईनेछ।
- वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

**९.सिँचाई**

- धनगढीमाई नगरपालिका भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिने छ।
- नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यककार्य गरिनेछ।
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण गरी सिँचाई गुरुयोजनाको निर्माण, कार्यान्वयन र स्तरोन्नतिको लागि कार्य अगाडी बढाइनेछ।
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गरिनेछ।
- नदी खोला बाढी एवं जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडी बढाइनेछ।

**१० सार्वजनिक निजी साझेदारी**

- विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ।
- स्थानीय सार्वजनिक-निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ।
- स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ६० - ४० (उपभोक्ता वा स्थनीय जनता)मा आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

**.१. वन तथा वातावरण**

- वन तथा जैबिक बिबिधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ।

- नगरपालिका भित्र रहेका निजि, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई कार्यान्वयनमा प्रभावकारीता ल्याइने छ ।
- बाढी पहिरोबाट जोगाउन भु-संरक्षण, तटबन्ध व्यबस्थापन, बृक्षारोपन र जैविक विविधतालाईसंरक्षण गर्दै बनलाई डढेलोबाट जोगाउन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ
- सामुदायिक वन उपभोक्त समुहहरुलाई नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गर्ने नीति अवलम्बन गरिने छ ।
- सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिनमा बृक्षारोपण गर्दै लगिने छ ।
- वातावरण संरक्षण सम्वन्धमा विद्यालय स्तर सम्म सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिका सबै वडाहरु समेट्ने गरी जलवायु परिवर्तन सम्वन्धी स्थानीय अनुकुलन कार्य योजना ( लापा) तर्जुमा गरी प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ
- नगर क्षेत्र भित्र एक वडा एक उद्यान कार्यक्रमलाई क्रमश लागू गर्दै लगिनेछ ।
- सडक किनारका खालि जमिनमा वडा तथा टोल, वस्तिको सहभागितामा वृक्षारोपण गर्दै लगिने छ ।
- नीजि घर तथा क्षेत्रमा उद्यान निमार्ण गर्न प्रोत्साहन गर्न घर नक्सा पास गर्दा हरेक घरमा कम्तीमा २ वटा विरुवा रोप्ने घरधनीलाई नक्सा पास गर्दा १० प्रतिशत छुट दिने नीति लिइनेछ र सो कार्यलाई क्रमशः अनिवार्य गर्दै लगिनेछ ।
- जथाभाबी अनयन्त्रीत रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी बालुवा उत्खनन्लाई रोकी व्यबस्थित गरिने छ ।
- वन पैदवार, वनजंगल र बृक्षारोपन सम्बन्धी बिशेष कार्यायोजना निर्माण गरी लागु गरिने छ ।
- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ ।
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ ।
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ ।
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण र प्रबर्द्धन गरिनेछ ।
- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गरिनेछ ।
- वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

## २. विपद व्यवस्थापन

- नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न **नगर स्तरीय विपद व्यवस्थापन समिति/वडा स्तरीय विपद् व्यवस्थापन समिति** तत्काल गठन गरिनेछ भने नगरपालिका स्तरमा विपद् व्यवस्थापन उपशाखाले व्यवस्थापन गर्ने गरी **स्थानीय आपतकालीन केन्द्र** सञ्चालन गर्न पूर्वाधारको तयारी गरीने छ ।

- प्रकोपकजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय **विपद जोखिम व्यवस्थापन योजना** तर्जुमा गरीनेछ ।
- प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिनेछ ।
- विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ ।
- नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद् पिडितलाई तत्काल राहततथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनसक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।
- भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।
- बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।
- बिपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।
- बिपद् जोखिम न्युनिकरण सम्बन्धी कार्य योजना बनाई लागु गरिने छ ।
  - विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- 

### ३. फोहोर मैला तथा ढल व्यवस्थापन

- **"नगरवासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध धनगढीमाई नगर"** को नारा सहित फोहरमैलालाई व्यवस्थापन का लागि ल्याण्डफिल्ड साइटको खोजी गरी उचित व्यबस्था गर्ने कार्यलाई अगाडी बढाइने छ ।
- जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।
- बजार क्षेत्रभरी रहेको सडक तथा सार्बजनिक अतिक्रमणलाई ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road Cleen Market) को अबधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ । साथै राजमार्गको दायाँ बायाँ पहिलो चरणमा ८२ फिट खाली गरिनेछ र दोश्रो चरणमा १०२ फिट खाली गराईनेछ । नगरपालिकाले भवन निर्माण अनुमती दिंदा १०२ फिट पछि थप ३ फिट छाडेर मात्र अनुमती दिने नीति लिइनेछ ।
- नगरमा व्यवस्थित ढल निकासका लागि योजना तजुमा गर्न आवश्यक अध्ययन गराउन पहल गरिने छ ।
- वातावरण प्रदुषण हुन नदिन न.पा. भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईने छ नगरपालिका लाई क्रमशः प्लाष्टिक मुक्त क्षेत्र घोषण गरिनेछ ।
- सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईड सम्वन्धी थप अध्ययन गराई फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाईले छ सो का लागि छिमेकी नगरपालिकासंग पनि समन्वय गरिनेछ ।

- बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाधेको वा छाडेने कार्यलाई निरुत्साहित र दण्डित गरिने छ साथै विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई ब्यबस्थीत रुपले संञ्चालन गरिने छ ।
- उपभोग्य बस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा म्याद नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिने छ ।
- नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।
- जग्गा प्लटिङ गरी व्यवसायिक रुपमा कारोवार गर्नु पूर्व खुल्ला क्षेत्र सहितको नक्सा नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गराउनु पर्नेछ ।
- विपद् प्रतिकार्य योजनाका लागि नेपाल रेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरीने छ ।
- नगरपालिका क्षेत्रलाई भुकम्प जस्ता दैवी प्रकोपको क्षति न्यूनिकरण गर्न भुकम्प प्रतिरोधी भवन निमार्ण तालिम आबश्यकताका आधारमा संचालन गर्ने नीति अबलम्बन गरीनेछ । साथै भूकम्प प्रतिरोधि तालिम लिएका निर्माण व्यवसायी संगको सम्झौता सहित घरनक्सा पासका लागि आवेदन दिने अनिवार्य व्यवस्था गरीनेछ । प्रत्येक वर्ष त्यस्ता व्यवसायिले तोकेको शुल्क तिरी सो प्रमाणपत्र नविकरण गर्नुपर्ने छ ।
- कुहिएर जाने र नजाने फोहर छुट्टयाई फोहोरबाट मोहर बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- बजार सफा राख्न चोकहरुमा विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा फोहोर मलाई लेखिएका डिब्बा राखिने छ ।
- फोहोर मैला ब्यबस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

## ङ) सार्वजनिक सेवा तथा क्षमता विकास

### १.संस्थागत विकास तथा सेवा प्रवाह

- जनता कार्यालयमा होइन, कार्यालय जनतामा जानु पर्छ भन्ने मुल मन्त्रलाई स्थापित गरिनेछ ।
- आम जनतालाई सेवा दिने कार्यालयहरूलाई प्रत्यक्ष रुपमा महसूस हुने गरी दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वशुलभ, जनमुखी र पारदर्शी बनाईनेछ ।
- सार्वजनिक प्रशासनलाई भ्रष्टाचार मुक्त बनाईनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गरिनेछ
- **धनगढीमाई नगरपालिकाको प्रतिवद्धता मुस्कान सहितको सेवा,** भन्ने मूल नारालाई नगरका १४ वटै वडा कार्यालयहरुमा थप प्रभावकारी बनाउँदै नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउदै लगिने छ । जसका लागि नगरपालिकामा कार्यारत जनशक्तिको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।

- कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गर्ने नीति अबलम्बन गरीने छ । प्रचलित कानुन बमोजिम कार्य सम्पादनमा आधारीत कर्मचारी मूल्यांकन पद्दतीलाई अपनाइने छ ।
- कर्मचारीहरुमा उत्प्रेरणा बढाई कार्यसम्पादनलाई अव्वल बनाउन चालु आ.व. देखि यस नगरपालिकामा कार्यरत कर्मचारी(गत आ.व. देखि नै निरन्तर रुपमा सेवा करारमा कार्यरत कर्मचारी समेत) लाई मासिक फिल्ड भत्ता र स्थानीय भत्ताको व्यवस्था गरी उत्प्रेरित गर्ने नीति लिइनेछ । बृत्ति विकासलाई मध्यनजर गरी **JOB ROTATION, JOB ENLARGEMENT** जस्ता कर्मचारी क्षमता विकासका कार्यक्रम संचालन गरीने छ ।
- करार सेवाद्धारा व्यवस्थापन गरीएका जनशक्तिले मूलभूत रुपमा अग्रपक्तिमा बसी कार्य गरीरहेको हुदाँ अर्को व्यवस्था नभए सम्मका लागि मौजुदा करार सेवामा रहेका जनशक्तिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा आयोजना कार्यक्रम छनौटका कार्य एवं अन्य स्थानीय स्वशासनका क्षेत्रमा कार्य गर्नुपर्ने, टोल विकास समितिहरुको गठन तथा समन्वय र सहजीकरण गर्नुपर्ने कार्य अद्यापी रहेकाले हाल कार्यरत ५ वटै सामाजिक परिचालकहरुको सेवा सुविधामा समय सापेक्ष पुनरावलोकन गरी सेवा करारलाई निरन्तरता दिइनेछ र निजहरुलाई आवश्यकतानुसार केन्द्र वा वडा कार्यालयहरुको प्रशासनिक काममा समेत परिचालन गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक केन्द्र वडा नं १० स्थित आफ्नै स्वामित्वमा रहेको जग्गामा मुख्य प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ गरिनेछ र सबै वडाहरुमा आ-आफ्नै भवनबाट सेवा सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ ।
- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणली लागु गरिनेछ । नगरपालिकाको आफ्नै वेभसाइटमार्फत् नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- **"जनता संग जनताको सरकार, छिटो छरितो र सर्वसुलभ सेवाप्राप्त गर्ने नागरिकको अधिकार"**अवधारण अनुसार हरेक महिना कम्तिमा एक वडा कार्यालयको अनुगमन गरिनेछ । नगर प्रमुखबाट स्थलगत रुपमा जानप्रतिनिधी-नगरबासी भेटघाट कार्यक्रम गरी गुनासो सुन्ने कार्यको थालनी गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ ।
- प्रत्येक वडामा गुनासो पेटिकाको व्यवस्था गरिनेछ । जसमा राम्रो काम गरेको, नगरेकोलाई हेरी राम्रो काम गर्नेलाई अझ राम्रो गर्न प्रोत्साहन स्वरुप पुरस्कृतको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाह तथा काम कारवाहीका सम्बन्धमा नियमित रुपमा सार्वजानिक सुनुवाई गरिनेछ र वडामा पनि वडा स्तरीय सार्वजानिक सुनुवाई गरिनेछ ।
- निर्वाचित पदाधिकारी र कर्मचारीहरुलाई कम्पुटर सम्वन्धी तालिम दिईने नीति अबलम्बन गरिनेछ ।
- कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता क्षमता र विज्ञताका आधारमा जिम्मेवारी उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालन गरिने छ ।
- कर्मचारी र जनप्रतिनिधिले अवलम्वन गर्ने आचर संहिता तयार गरि लागू गरिनेछ ।
- प्रत्येक वडा तथा नगर कार्यपालिकाको कार्यालयमा क्षतिपुर्ति सहितको डिजिटल नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईने छ । सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

- कार्य सम्पादनका आधारमा दण्ड र  पुरष्कारको व्यवस्था गरिनेछ । प्रत्येक वर्ष गणतन्त्र दिवस जेष्ठ १५ गते कार्यालयको एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिनेछ र निजको विवरण सहितको फोटो कार्यालयमा राख्ने कार्यको थालनी गरिनेछ । सो का लागि कार्यविधि तयार गरी मूल्यांकन गरिनेछ ।
- आगामी ५ वर्षमा सबै वडामा E-Governance को अवधारणा अनुरुप कार्य संचालन गर्ने गरि डिजिटल प्रविधिको विकास गर्दै लगिनेछ र कागज रहित सेवा प्रवाहलाई व्यावहारिक रुपमा क्रमश: प्रयोगमा ल्याईनेछ ।
- जनताले माग गर्ने कानुन बमोजिमका जुन सुकै सूचना उपलब्ध गराउनका लागि एक संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिनेछ ।
- विकास निर्माण र सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगर भित्र खोज तथा विकास पत्रकारिता गर्ने पत्रकारलाई वार्षिक रुपमा पुरस्कृत गरिने नीति अवलम्वन गरिनेछ ।
- प्रविधिमैत्री नगर निर्माण गर्ने अभियानका लागि नमुनाको रुपमा चालू आ.व.मा नगरपालिकाका प्रत्येक वडामा **डिजिटल सूचना पाटी** निमार्ण र संचालन गरीनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए गरेबमोजिम अवकास कोषमा हरेक वर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको संचालन कार्यपालिकाबाट स्वीकृत विनियामावली बाट गरिनेछ ।
- नगरपालिकाको आफ्नै प्रयत्नमा विश्वका बिभिन्न शहर/काउन्टीहरुसँग मितेरी (Friendship) सम्बन्ध विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरस्तरिय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ ।

## २. सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन

- नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादन संघीय, प्रदेश र नगरपालिकाको मौजुदा कानुनको परिधी भित्र रहेर सम्पादन गरिनेछ ।
- नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।
- नगरपालिकास्थित सरकारी सम्पत्तिको संरक्षण, सम्बद्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ ।

## ३. स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।
- जिल्ला समन्वय समिति, वडा तहसँगको सम्पर्क,  समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायताका विषयमा व्यवस्थित कार्यविधि अपनाइनेछ ।

## ४. बैठक व्यवस्थापन

- नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानुनको परिधि भित्र रहेर हरेक सभाको बैठक व्यवस्थापन व्यवस्थित रुपमा गरिनेछ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिनेछ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापनलाई चुस्त दुरुस्त र व्यवस्थित गरिनेछ।
- बैठकको मूल्य, मान्यता तथा वरियता समेतलाई मध्य नजर गर्दै बैठकलाई अनुसासित र मर्यादित बनाइनेछ।

**५. बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा नियमित अनुगमन गरिनेछ।
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र सो को व्यवस्थित कार्यान्वयन र नियमन र नियमन गरिनेछ। कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ।
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण नियमित अनुगमन गरीनेछ।
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खानेपानी, खाद्य पदार्थको गुणस्तर नियन्त्रण, स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गरिनेछ।स

**५. आन्तरिक लेखापरीक्षण**

- आन्तरिक लेखा परीक्षकको व्यवस्था गरी कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा बाट कार्यसम्पादन गरिनेछ।
- साविक गा.वि.स.को लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत विवरण तयार गरी बेरुजु असुल उपर गरिनेछ। सो को अभिलेख व्यवस्थापन गरिनेछ।
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण गरिनेछ।
- लेखापालन सम्वन्धी क्षमता विकास तथा तालीमको व्यवस्था गरिनेछ।

**६. विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण**

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख व्यवस्थित रुपमा राखिनेछ र वितरण कार्यलाई पारदर्शी बनाइनेछ।

## च. कानून तथा न्याय

**२. नगर प्रहरी :**

- नेपालको संबिधानको धारा २२६ को अधिनमा रही नगर प्रहरी ऐन नियम बनाइ नगर प्रहरीलाई सक्रिय बनाइने छ।
- स्थानीय तह सञ्चालन कार्यविधी अनुरुप नगरको शान्ति सुरक्षा र जनसेवाको कामलाई व्यवस्थित गर्न नगर प्रहरी गठन प्रक्रिया अगाडी बढाइने छ।

- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गरिनेछ ।
- नगर प्रहरीमार्फत देहायका कार्य सम्पादन गरिनेछ ।
  - नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
  - सार्वजनिक भौति संरचना र सम्पत्तिको संरक्षण,
  - नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
  - स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
  - नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन,
  - नगर बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
  - स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
  - कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
  - विपद् व्यवस्थापन सम्बन्धी कार्य,
  - अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
  - फूटपाथ व्यवस्थापन
  - भौतिक संरचना निर्माण कार्यको रेखदेख तथा सूचना संकलन र जानकारी,
  - गुणस्तर नियन्त्रण

## २. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

- असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- कानुन विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याइनेछ ।
- केन्द्र र सबै वडाहरुमा विवाद साधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन गरिने छ ।
- शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पुर्वाधार निमार्णमा आवश्यक सहयोग गरिने छ ।
- संबिधानमा उल्लेखित सबै संबैधानिक ब्यबस्थाहरु, प्रदेश कानुन र स्थानीय तह सञ्चालनका लागि बनेका कानुन तथा कार्यबिधीहरु मातहत रहि कार्यान्वयन गरिने छ ।
- न्यायिक समितिको सचिवालय,व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपाम कार्यान्वयनमा ल्याइनेछ ।
- न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यावहारिक रुपमा कार्यान्वयनको शुरुवात गरिनेछ ।
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन को भौतिक संरचना निर्माण संस्थागत क्षमता विकास र सांगठनिक संरचना निर्माणको कार्यको थालनी गरिनेछ ।

## ३. विधायन

- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदा निर्माणको तयारी गर्द सरोकारवाला संग राय सुझव तथा सल्लाह लिई अन्तिम तयारी गरिनेछ ।
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ ।

### छ. वित्तिय क्षेत्रहरु (राजश्व परिचालन)

- प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ ।
- नयां क्षेत्रहरु पहिचान गरी करको दायरा बढाईनेछ । कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ । सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइने छ ।
- करदाताको अभिलेख अद्यावधिक गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क संग आवद्ध गरीनेछ ।
- आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्वन गरिनेछ ।
- राजश्व परामर्श समितिको सुझवका आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ ।
- तोकिएको समयमै बढी कर वुझाउने करदातालाई सम्मान गरिने छ ।
- करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ ।
- एकिकृत सम्पत्ती कर प्रणलीमा जाने नीति अवलम्वन गरिने छ ।
- करका नयां संभावना पहिचानका लागि अध्ययन गरिने छ ।
- घर बहाल कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गरिने छ ।

### ज.विविध

- नगरपालिकाको कसाहा प्रहरी चौकीलाई हालसमम गोलबजार इलाका प्रहरी कार्यालयको कार्यक्षेत्रमा राखिएकोमा उक्त चौकीलाई इलाका प्रहरी कार्यालय धनगढीको कार्यक्षेत्र भित्र पार्न सम्बन्धित सरोकारवाला निकायमा पहल गरिनेछ ।
- केन्द्र तथा वडाहरुको कामलाई व्यवस्थित गर्न चालु आ.व.मा हेभी तथा हलुका सवारी चालक पद ५(पाँच), माली पद ३(तीन), कार्यालय सहयोगी पद १०(दश), स्वीपर पद ४(चार), पाले पद ३(तीन), इलेक्ट्रीसीयन पद १ (एक) तथा नगरको सुरक्षा र हाटबजार व्यवस्थापनका लागि नगर प्रहरी पद १०(दश) को संख्यामा अस्थायी दरवन्दी सृजना गर्ने तथा जनशक्ति भर्ना सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा प्रचलित कानुनको परिधिभित्र रहेर करारमा लिई व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिकाका विरुद्धमा विभिन्न क्षेत्रबाट अदालतमा उजुरी पर्नसक्ने सम्भावना तथा न्यायीका कार्यलाई व्यवस्थित गर्न र कानूनी परामर्शका लागि करारमा एक जना कानूनी सल्लाहकारको नियुक्ति गरिनेछ ।
- **नगरवासीका गुनासाहरु नगर सँगै** भन्ने सिद्धान्तलाई अबलम्बन गरीने छ । जसका लागि प्रत्येक वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहति वडा कार्यालयमा गएर जनताका समस्या र गुनासहरु सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ  र यो क्रमलाई क्रमशः बढाउँदै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र भएका दाह संस्कार स्थलहरुको स्तरोन्नती र विकास गर्दै लाने नीति अबलम्बन गरीने । जसका लागि स्थानीय, नगरवासी र नीजि क्षेत्रको सहकार्यमा दाह संस्कार घाट निर्माण र व्यवस्थापन गर्दै लगिने छ ।
- स्थानीय तथा राष्टिय दैनिक पत्रिका, रेडियो, टेलीभिजनका संवाददाता तथा पत्रकारहरुलाई नगर क्षेत्र मै रहेर काम गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धित निकाय संग समन्वय गरीने

छ । नेपाल सरकारको स्वमित्वमा रहेका सरकारी संचार माध्यमहरुका संवाददाताहरु नगरपालिका क्षेत्र मै रहेर काम गर्ने वातावरण मिलाउन आबश्यक कदम चालिने छ ।

- **GIS** र **डिजिटल हाउस नम्बरीङ्ग प्रणाली**लाई क्रमशः कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- धनगढीमाई नगरपालिकाको आफ्नै **एप्स** बनाई नगरपालिकाले संचालन गर्ने विविध गतिविधिहरु सार्वजनिक गर्ने नीति अबलम्बन गरीने छ ।
- नगर क्षेत्रमा भएका विद्युत पोलहरुलाई नम्बरीङ्ग गर्ने कार्यको थालनी गरीने छ । साथै नगरक्षेत्र भित्र विधुत पोलमा केवललाई, नेटलाई, ल्याण्ड लाईनलाई करको दायरा भित्र ल्याईने छ ।

**प्रस्तूतकर्ता**
फुलकुमारी श्रेष्ठ
उप प्रमुख
धनगढीमाई नगरपालिका

मिति : २०७४ पौष १९ गते बुधवार